# बित्थडचिर गाउँपालिका
# महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका
# सेवा सुविधा सम्बन्धी कार्यविधि,२०८०

बित्थडचिर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देउलेख बभाङ्ग

# महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका (सेवा सुविधा) सम्बन्धी कार्यविधि,२०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/१२
गाउँपालिका अध्यक्षज्यूबाट प्रमाणित मितिः२०८०/०८/१२

**प्रस्तावनाः**

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य निति,२०७६ को बुँदा नं. ६ मा स्वंय सेवाको अवधारणालाई बिकास गर्दै महिला सामादुायिक स्वास्थ्य स्वंयसेविकाको परिचालन तथा व्यवस्थापन स्थानिय तहबाट गर्न निर्देशन गरेको छ । गाउंपालिका क्षेत्रमा मातृ मृत्यूदर तथा बाल मृत्यूदरमा आएको कमिमा महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको सक्रिय भुमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिबृद्धि एवं स्वास्थ्य सेवा प्रभावको लागि महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बित्थडचिर गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधी बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका (सेवा सुविधा) सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

(२) यो कार्यविधि बित्थडचिर गाउँपालिका गाउँकार्यपालिका वैठकले पारित गरेपछि लागू हुनेछ ।

**२.परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि भन्नाले" भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

(ख) "छनोट" भन्नाले पहिलो पटक वा पूनः तोकिएको प्रक्रिया र विधि पूरा गरी छनोट भएको योग्य व्यक्ती सम्झनु पर्दछ ।

(ग) "विदाई "भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाको रुपमा स्वंयसेवि भावना एवंम मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको सम्झनु पर्दछ ।

(घ)" स्वंयसेविका" भन्नाले स्थानिय स्वास्थ्य आमा समुहद्धारा छनोट गरिएको ,निश्चित अवधिसम्म स्वंयसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा निर्धारित पाठयक्रमलाई आधार मानि सम्बन्धित प्रदेशले तयार गरेको पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानिय स्वास्थ्य द्धारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्याउने स्वंयसेवी महिलालाई जनाउँछ । साथै यस शब्दले आमा समुहबाट छनोट भई तालिम लिन बाँकी रहेका स्वंयसेवि महिला समेतलाई सम्झनु पर्दछ ।

CamScanner

(ङ) "स्वास्थ्य आमा समुह" भन्नाले समुदायको सहभागीतामा स्थानिय स्वास्थ्य संस्थाको स्वास्थ्य कार्यकर्ताले प्रजनन उमेरका महिलाहरुलाई समावेश गरी समुदायमा स्वास्थ्य आमा समुह गठन गर्नेछ । उक्त आमा समुहमा एक जना अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारी रहनेछन् ।

## परिच्छेद .२
## स्वंयसेविका छनौट सम्वन्धी व्यवस्था

**३.स्वंयसेविका छनौटः**(१) स्वंयसेविको छनौट राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कार्यक्रम रणनिति २०६७,(पहिलो संशोधन २०७६) अनुसार देहायको प्रावधान बमोजिम हुनेछ ।

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनुपर्ने ।

(ख) कम्तीमा ५ बर्ष सेवागर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपर्ने ।

(ग) समाज सेवा गर्न ईच्छा भएको ।

(घ) २१ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको ।

(ङ) राजनितिमा नलागेको र कुनैपनि राजनितिक पदमा बहाल नरहेको ।

(च) कम्तीमा १० कक्षा उर्तीण गरेको ।

(छ)कुनैपनि लाभको पदमा नरहेको ।

(ज) योग्यता पुगेका महिलाले आमा समुहमा निवेदन दिए पश्चात सम्बन्धित स्वास्थ्य संस्थाको रोहबरमा स्वास्थ्य आमा समुहले स्वंयसेविका छनौट गर्नेछ ।

(२) लापोन्मुख,आदिबासी र दलित वर्गलाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद ३
## स्वंयसेविकाको भुमिका तथा जिम्मेवारी

### ४.भुमिका तथा जिम्मेवारीः

(क) स्वास्थ्य आमा समुहको नियमित बैठक राख्न समुहको अध्यक्षलाई सहयोग गर्ने ।

(ख) महिला सामसदायिक स्वास्थ्य स्वंयसेविकाहरुले स्वास्थ्य आमा समुहको माध्यम बाट समुदायका घरघरमा स्वास्थ्य सम्वन्धी सचेतना अभिबृद्धि गर्ने तथा स्थानिय तहमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग वढाउन सुचना प्रवाह गर्ने छन् ।

(ग) महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुले परिवार नियोजन,खोप कार्यक्रम ,सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य,नवशिशु स्याहार ,पोषण, सरुवा तथा माहामारी रोगहरु, नसर्ने तथा मनासिक रोगहरु लगाएतका विषयहरुमा स्वास्थ्य शिक्षा दिनेछन् । यस बाहेक राष्ट्रिय स्वास्थ्य अभियानमा सहयोग गर्नुका साथै स्थानिय तहबाट तोके बमोजिम अन्य भुमिकाहरु निर्वाह गर्नेछन् ।

(घ) महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुले आफुले गरेको मासिक तथा बार्षिक कार्यको विवरण स्थानिय स्वास्थ्य संस्थालाई तोकिएको ढाँचा तथा अवधिमा जानकारी गराउनेछन् ।

(ङ) आवश्यकता अनुसार सेवाको उपयोगमा वृद्धि गर्न का लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नेछन् ।

बित्थडचिर गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय

## परिच्छेद ४

## सेवा सुविधा सम्वन्धी ब्यवस्था

**५.सेवा तथा सुविधा** (१) स्वंयसेविकाले कुनैपनि किसिमको तलव तथा अन्य सुविधा दावि गर्न पाउने छैन । सकभर सेवा सुविधा बैंक मार्फत उपलब्ध गराईनेछ ।

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएकोभएतापनी स्वंयसेविकाले मासिक रुपमा आमासमुहको बैठक संचालन मासिक बैठकमा उपस्थिती,खोप क्लिनिक तथा समुदायमा सहयोथ जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूचि १ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ । नेपाल सरकारबाट निश्चत स्वंयसेविकालाई पोषक खर्च उपलब्ध हुने र कार्यरत मध्ये उपलब्ध नहुनेको हकमा गाउँपालिकाले पोषक खर्च उपलब्ध गराउने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिम सेवा रद्ध भएको अवस्थामा कुनैपनि प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन ।

## परिच्छेद ५

## बिदाई तथा सेवा रद्ध सम्वन्धी ब्यवस्था

**६.स्वंयसेविकाको विदाईः** (१) दफा ३ अनुसार छनोट र कार्यरत रहेका स्वंयसेविकाको देहायका अवस्थामा सेवाकाट बिदाई हुनेछ ।

.(क) रजिनामा दिएमा

(ख) ६० वर्ष उमेर पूरा भएमा,

(ग) स्वंयसेविकाले आमा समुह समक्ष सेवा छाड्न ईच्छा जाहेर गरी बिदाई लिएमा,

(घ) राजनितैक एवं कुनै पनि सरकारी वा अन्य संघसस्थाको वैतनिक पदमा नियूक्ति वा मनोनयन लिएमा,

(ङ) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि बसोबास गरेको अवस्था रहेमा ।

**७.स्वंयसेविकाको सेवा रद्ध गरिनेः** (१) स्वंय सेविकाको सेवा देहायका अवस्थामा रद्ध गर्न सकिनेछ ।

(क) स्वंयसेवि भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा ,

(ख) भष्ट्राचार,अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देदिने कार्य गरेमा,

(ग) जनप्रतिनिधी भई वा कर्मचारीको रुपमा कहिकतै बाट दैनिक ज्यालादारी,करार र स्थायी नियूक्ती लिई सेवा सुविधा वा तलव स्केलमा रहेको पाईएमा,

(घ) अन्यन्त्र बसाईसराई गरी गएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि कुनै स्वंयसेविकाले बिना सूचना चार महिना सम्म लगातार मासिक बैठकमा अनुउपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ ।

## परिच्छेद ६

CamScanner

## विविध

**८.अन्य छुट बिषय सम्वन्धी:** यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका बिषयका सम्वन्धमा बित्थडचिर गाउँपालिका गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

**९. संसोधन तथा खारेजी:** बित्थडचिर गाउँपालिका गाउँकार्यपालिकाले यस कार्यबिधिमा आवश्यक संसोधन तथा खारेजी गर्नेछ ।

**१०.निष्कृय:**यस कार्यविधि सँग बाझिने यस अधिका जुनसुकै कार्यविधि स्वत: निस्कृय हुनेछ ।

## अनुसूचि १
### दफा ५(२) सँग सम्बन्धित
### स्वंयसेवकाले पाउने सुविधा

| सि.न. | क्रियाकलाप | बर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वंयसेविकाको सम्मान तथा बिदाई खर्च | १५ बर्ष भन्दा बढी अवधि सेवा गरेको | ५०००० | |
| | | १० बर्ष माथि १५ बर्ष भन्दा कम अवधि सेवा गरेको | प्रति बर्ष रु.१५०० का दरले | |
| २ | मासिक बैठक एवं खोप कार्यक्रम आमा समुहको बैठक संचालन लागायतको लागि यातयात तथा समुदाय भ्रमण खर्च | प्रति महिना | रु.२००० | |
| ३ | वार्षिक लुगाभत्ता | प्रति बर्ष | १०००० | |
| ४ | अन्य सुविधा | गाउँपालिकाको निर्णय अनुसार हुनेछ । | | |

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**
**बित्थडचिर गाउँपालिका**

बित्थडचिर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल